# पोखरा महानगरपालिका, कास्की

## आधारभूत तह उत्तीर्ण परीक्षा – २०८१

**कक्षा : आठ** **पूर्णाङ्क : ५०**

**समय : २:०० घण्टा** **विषय : नेपाली**

---

**(शुद्ध, सफा, मौलिक र सिर्जनात्मक उत्तरलाई विशेष प्राथमिकता दिइने छ।)**

**१. दिइएका अर्थसँग मिल्ने शब्द छानी खाली ठाउँमा लेख्नुहोस् : २**

[उर्वर, निमोनिया, भग्नावशेष, शिविर, भूक्षय]

क) प्राचीन अवशेष, भत्केर बाँकी रहेको ........

ख) फोक्सो प्रभावित हुने एक प्रकारको रोग ........

ग) बाढी, पहिरो आदिका कारण जमिन भासिने काम ........

घ) धेरै उब्जनी हुने ........

**२. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् : २**

क) 'उपहार' को पर्यायवाची शब्द ..... हो । (फल, कोसेली, सामग्री)

ख) 'अतिवृष्टि' को विपरीतार्थी शब्द ..... हो । (अनावृष्टि, अल्पवृष्टि, घनावृष्टि)

ग) ..... अनेकार्थी शब्द हो । (चार, हार, पुस्तक)

घ) 'साग' को लघुतावाची शब्द ..... हो । (पित्को, मुठो, त्यान्द्रो)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २**

हात्तीको मुखमा जिरा, झमक्क

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् : १**

अ) सीर्षक शीर्षक शीर्शक शीर्सक

आ) पन्डित पंडित पन्डित पण्डित

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

उ फेरी आफ्ना हात फैलाएर भन्छ, म कठ्याङ्ग्रिसके, मलाई छिटो पाखामा लगिदेऊ ।

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् : २**

<u>आहा</u> ! <u>आमा</u>ले कति <u>मिठो</u> खाना <u>पकाउनुभयो</u>।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २**

क) तपाईं पढाइमा जागरुक........ । (बन् : अपूर्ण भविष्यत)

ख) रामलखन चौधरी चितवन ....... । (पुग् : अज्ञात पक्ष)

ग) कथाकारले राम्रो कथा ...... । (लेख् : इच्छार्थ)

घ) मन्त्री विभिन्न ठाउँ ..... । (घुम् : सम्भावनार्थ)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३**

क) ऊ गृहकार्य गर्छ । (स्त्रीलिङ्ग)

ख) बहिनी पढ्छे । (प्रेरणार्थक)

ग) बुबा बजार जानुहुन्छ र सामान किन्नुहुन्छ । (मिश्र वाक्य)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : ३**

प्राकृतिक प्रकोपबाट जनताले अकालमा ज्यान गुमाउन नपरोस् भनेर सरकारले पनि प्रयास गरेको थियो । बाढीपीडितहरूको उद्धारका लागि धेरै सुरक्षाकर्मी पनि खटिएका थिए । सामाजिक संस्थाहरूले पनि बाढीपीडितहरूलाई आफ्नोतर्फबाट सरसामान र खाद्यान्न वितरण गरेका थिए ।

क) अनुच्छेदबाट एउटा उपसर्ग र एउटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी लेख्नुहोस् ।

ख) अनुच्छेदबाट एउटा समस्त शब्द र एउटा द्वित्व शब्द पहिचान गरी लेख्नुहोस् ।

ग) माथि रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति पहिचान गरी त्यसको नाम लेख्नुहोस् ।

**१०. तल दिएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४**

जीवनलाई सुचारु रूपले सञ्चालन गर्न गाँस, बास, कपास र स्वास्थ्योपचारको नितान्त आवश्यकता पर्छ भने त्यही जीवनलाई समृद्ध तुल्याउन शिक्षाको आवश्यकता पर्छ । अध्ययन गर्नु, सिक्नु र ज्ञान आर्जन गर्नु भन्ने आशय व्यक्त गर्ने शिक्षा मानव जीवनका लागि अपरिहार्य छ । स्वभावैले मान्छे जिज्ञासु, कल्पनाशील र विवेक भएकाले प्राणीहरूमध्ये सर्वश्रेष्ठ प्राणी मानिन्छ । उसलाई यो सर्वश्रेष्ठ उपाधि उसको शरीर रचनाका आधारमा दिइएको होइन, यो त उसले आफूमा रहेको तेस्रो चम्किलो आँखाका रूपमा रहेको

शिक्षाबाट प्राप्त गरेको हो । शिक्षाको आँखा नभएको मानिस छालाका आँखा भएर पनि दृष्टिविहीन तुल्य हुने भएकाले सम्पूर्ण मानव जातिको जीवनमा शिक्षाको भूमिका सर्वोपरि रहेको छ ।

**प्रश्नहरू:**

क) जीवन सुचारु बनाउन के के आवश्यक पर्छ ?

ख) जीवनमा किन शिक्षाको महत्त्व छ ?

ग) मानिसलाई किन सर्वश्रेष्ठ प्राणी भनिएको हो ?

घ) मानव जीवनमा शिक्षाको कस्तो भूमिका रहेको छ ?

**११. तल दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ४

हरेक व्यक्तिको मनभित्र कुनै न कुनै क्षेत्रमा रुचि वा लगाव हुन्छ । कसैमा नयाँ काम गरेर कीर्तिमान कायम राख्ने चाहना हुन्छ, त्यस्तै जुन्को ताबेईभित्र चाहिँ पर्वतारोहणप्रतिको तीव्र चाहना थियो । उनले आफू १० वर्षकी हुँदा शैक्षिक भ्रमणको क्रममा पहिलो पटक जापानको माउन्ट नासुको आरोहण गरेकी थिइन् । त्यसबेला उनी चार कक्षामा पढ्थिन् र केही अस्वस्थ पनि थिइन् । त्यस्ता अवस्थामा पहिलो पटक गरिएको पर्वतारोहणबाट उनी निकै उत्साही बनिन्। पर्वतारोहणप्रतिको लगावका कारण उनले स्नातक तह पूरा गरुन्जेलसम्म यसलाई पनि निरन्तरता दिइरहिन् ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ३**

क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षक समेत दिनुहोस्:

**नाम:** फ्लोरेन्स नाइटिङ्गेल

**जन्ममिति:** सन् १८२० मे १२

**जन्मस्थान:** इटालीको फ्लोरेन्स सहर

**माता:** फेनी स्मिथ

**पिता:** विलियम एडबार्ड

**विशेषताहरू:**

- बिरामी कुकुरको उपचार गरेर प्राप्त सन्तुष्टिले प्राणीको सेवामा रमाउने प्रेरणा प्राप्त,
- स्वास्थ्यको क्षेत्रमा नर्स बनेर सेवा गर्ने लक्ष्य,
- सन् १८५३ मा लन्डनको एक अस्पतालमा प्रमुख परिचारिका पदमा नियुक्ति,
- बिरामीप्रति मायालु व्यवहार,
- क्रिमियाको स्कुटारी अस्पतालमा युद्धका कारण घाइते भएका सिपाहीलाई दिनरात सेवा प्रदान,
- आजीवन अविवाहित रहेर मानव सेवामा समर्पित,
- 'लेडी विथ द ल्याम्प' उपनामले संसार प्रसिद्ध,

**मृत्यु:** सन् १९१० अगस्ट १३

ख) 'अनुशासनको महत्त्व' शीर्षकमा दुई जना साथीबीच हुने संवादको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ३**

क) शैक्षिक भ्रमणको व्यवस्था मिलाइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेखिने निवेदनको नमुना तयार पार्नुहोस् ।

ख) जिल्ला स्तरीय निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएका साथीलाई दिइने बधाई पत्रको नमुना तयार पार्नुहोस्।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् : ३**

क) हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको ।
हाम्रो खुसीको प्रत्येक पलमा छ जीवन सहिदको ।।

ख) 'दिगो अर्थतन्त्रका लागि सन्तुलित वैदेशिक व्यापार अनिवार्य सर्त हो।'

**१५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४**

नेपाल बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । म स्वाभिमानसाथ आफूलाई देशको नागरिक भन्न रुचाउँछु । यहाँ हरेक मानव स्वतन्त्र छन् । मानव मानवबीच सधैं समानता रहँदै आएको छ । आ-आफ्ना ठाउँबाट सबैको उच्च मर्यादा छ । कसैले कसैसँग भेदभाव नगरी सबै आपसमा मिलेर बसेका छौं । उदाहरणका लागि म पुरुष हुँ तर महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मानिसको व्यवहारभन्दा मेरो व्यवहारमा कुनै फरक छैन । म तराईको हुँ तर पहाड र हिमालमा बसोबास गर्ने व्यक्ति पनि म जस्तै समान छन् । यसकारण म एउटा नेपाली मानव हुँ र अरू मानव पनि मभन्दा कुनै कुरामा फरक छैनन् । भोक, निद्राजस्ता

जैविक पक्ष मजस्ता सबै मानवमा समान छन् । विविधताबीचको एकता र सहिष्णुताका कारण नै म जस्ता तमाम नेपाली मानव विश्वमा उदाहरणीय बन्ने गरेका छौं । सम्भवतः यही नै मानव अधिकारको सही सदुपयोग पनि हो ।

**प्रश्नहरू:**

क) नेपालको विशेषता के हो ?

ख) हामीबीचको सम्बन्ध कस्तो रहेको छ ?

ग) मानिस किन समान छन् ?

घ) मानव अधिकारको सदुपयोग कसरी हुन्छ ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

क) तलको निबन्धांश पढी लामो उत्तर लेख्नुहोस् :

हुन त म वा हामी जस्तै मानव नै बालबालिका, पुरुष, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका आदि अनेक किसिमबाट चिनिने गर्छौं । हामी सबैलाई मानव अधिकारका क्षेत्रमा विशेष अधिकार निर्धारण गरेको छ रे !

**प्रश्नः**

अ) मानव अधिकारका विषय क्षेत्रको कसरी उपयोग भएको पाउनुभएको छ? 'मानव अधिकार' निबन्धका आधारमा उत्तर लेख्नुहोस् ।

ख) तलको कथांश पढी लामो उत्तर दिनुहोस् :

उनका गोरा खुट्टामा काला जुत्ता सुहाएको देख्दा मलाई खुसी लाग्यो । त्यस दिनदेखि गुलाफीबाहेक परिवारका अन्य सदस्यको

प्रगतिको व्यवहारमा भने अचानक भिन्नता देखा परेको थियो । सायद गुलाफीलाई मात्र जुत्ता ल्याइदिएकामा उनीहरूको मन खिन्न र ईर्ष्यालु भएको थियो ।

**प्रश्नः** 'एक जोर जुत्ता' कथामा म पात्र गुलाफी र उनको परिवारको कस्तो मनोविज्ञानको चित्रण गरिएको छ ? चर्चा गर्नुहोस् ।

**१७. तलका कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस्ः ५**

क) पोखरा र पर्यटन

ख) मेरो देश, मेरो गौरव

ग) वातावरण प्रदूषण

*समाप्त*